प्रदेश सरकार

# उद्योग, श्रम तथा रोजगार मन्त्रालय

प्रदेश नं.१, विराटनगर (नेपाल)

पत्र संख्या :०७९/०८०
चलानी नं.

मितिः२०७९।०४।०१

**बिषयः मौजुदा सूचीमा दर्ता हुने सम्बन्धी सूचना ।**

यस मन्त्रालयको लागि आ.व.२०७९।०८० मा निम्नानुसारको कार्य गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क. तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परमर्शदाता वा सेवा प्रदायकहरुले संस्था वा फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मूल्यअभिवृद्धि कर दर्ताको प्रमाण पत्र, आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र र गत आ.व.सम्मको कर चुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी सहित आफूले गर्न चाहेको कारोबारहरुको छुट्टा, छुट्टै व्यहोरा उल्लेख गरि सार्वजनिक खरिद नियमावली २०६४ को अनूसूचि-२क बमोजिमको ढाचाँमा यस मन्त्रालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी प्राप्त हुन आएका निवेदनहरुलाई मान्यता दिइने छैन ।

## आवश्यक सामान तथा सेवाहरुको विवरण

१.छपाई, मसलन्द तथा कार्यालय सामानहरुको आपूर्ती सम्बन्धी कार्य ।
२.कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, ए.सि., यूपियस, फ्रिज, ब्याट्रि लगायत ईलेक्ट्रोनिक्स तथा संचार उपकरणहरुको आपूर्ती तथा मर्मत संम्भार सम्बन्धि कार्य ।
३. फर्निचर तथा फिर्निसिङ्ग सम्बन्धि सामान आपूर्ति तथा मर्मत सम्बन्धि कार्य ।
४.गाडी तथा मोटरसाईकल, साईकल लगायत सवारी साधनहरुको आपूर्ती तथा मर्मत सम्बन्धि कार्य ।
५.सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारण सम्बन्धि कार्य ।
६.सफ्टवेयर, ईन्टरनेट र वेवसाईट जडान तथा मर्मत सम्बन्धि कार्य ।
७. भवन निर्माण, मर्मत तथा रंगरोगन सम्बन्धि कार्य ।
८. परामर्श सेवा सम्बन्धि कार्य ।
९. मन्त्रालयलाई आवश्यक पर्ने अन्य कार्यहरु ।

माधवप्रसाद पोखरेल
सचिव